**विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/११/१९ मा बसेको बैठकको एजेन्डा र निर्णयहरूः-**

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | गत कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयन सम्बन्धमा। | गत नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयन सम्बन्धमा छलफल तथा समीक्षा गरियो। |
| २ | महानगरपालिकाको आर्थिक कारोबार सञ्चालन सम्बन्धमा। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत नेपाल सरकारबाट विराटनगर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत पदमा कामकाज गर्न खटिनुभएका श्री राजेन्द्र पराजुली (रा.प. प्रथम श्रेणी/क.सं.नं. १५८८८६) मिति २०८१/११/१९ देखि अनिवार्य अवकाश हुनुभएको र सो सम्बन्धमा नेपाल सरकारबाट अर्को व्यवस्था नभइसकेकाले महानगरपालिकाको आर्थिक कारोबार बन्द रही कार्यालय सञ्चालन तथा सेवा प्रवाहमा कठिनाइ उत्पन्न भएको हुँदा यथाशीघ्र प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था गरिदिन अनुरोध गर्दै सो व्यवस्था नभएसम्मका लागि हाल निमित्त प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्य सञ्चालन गरिरहनुभएका महानगरपालिकामा कार्यरत वरिष्ठतम् कर्मचारी स्थानीय शिक्षा सेवा/शिक्षा प्रशासन समूह/अधिकृतस्तर दशौं तह/अधिकृत श्री रामप्रसाद ढुङ्गेल (क.सं.नं. १८१५६२) लाई महानगरपालिकाको आर्थिक कारोबार सञ्चालन गर्नका लागि आर्थिक अधिकार प्राप्त हुन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंमार्फत नेपाल सरकारलाई अनुरोध गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ३ | विविध। | (क) गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रममा गुनासो सुनुवाई मार्गदर्शन, २०७८ बमोजिम गरिब परिवार पहिचान गर्ने सन्दर्भमा तथ्याङ्क सङ्कलन तथा विश्लेषणका लागि ९२२ जनाको गुनासो दर्ता भई गुनासो सुनुवाई समितिमार्फत छानविन गरी पेश भएका ९२२ गरिब परिवारलाई गरिबीको सूचीमा समावेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ख) सङ्घीय समपुरक योजना अन्तर्गत वडा नं. ५ र ६ को दिल्ली पब्लिक स्कुल दक्षिण जाने निर्माणाधीन सडकको लागि आगामी आ.व. २०८२/०८३ मा आवश्यक थप रकम माग गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ग) विराटनगर महानगरपालिका वडा नं. ७ स्थित वीरेन्द्र सभागृह (दक्षिणतर्फ रहेको इको पार्कसहित) ठेक्का प्रक्रियामार्फत सञ्चालन तथा व्यवस्थापन गर्न/गराउन पाँच वर्षका लागि वार्षिक रु.६० लाख (कर बाहेक) न्यूनतम ठेक्का अङ्क कायम गरी मिति २०८१/०६/२० र २०८१/०७/२७ मा दुईपटक सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कुनै पनि बोलपत्र पेश हुन नआएको हुँदा वार्षिक रु.४० लाख (मू.अ.क., अग्रीम आय कर र न.पा. करबाहेक) का दरले पाँच वर्ष (१८२५ दिन) को जम्मा दुई करोड रुपैयाँ न्यूनतम ठेक्का अङ्क कायम गरी पुनः सूचना प्रकाशन गरी ठेक्का व्यवस्थापनको प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो। साथै, ठेक्काको अवधि सम्झौता लागु भएको मितिबाट गणना हुने एवम् करसहित एकमुष्ट ठेक्का रकम दाखिला गरेमा दश प्रतिशत छुट दिने समेत निर्णय गरियो। |